नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

**निर्णयहरू:-**

१. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. २१९३, मिति २०७९-०१-०४ को पत्रबाट सार्वजनिक संघ संस्था/निकाय तथा सार्वजनिक/निजी सवारी साधनहरूमा अनिवार्य प्राथमिक उपचार बक्स (First Aid Kit) को व्यवस्था गर्ने गराउने भनी लेखि आएको सन्दर्भमा जिल्लास्थित सबै कार्यालयहरूले आ-आफ्नो कार्यालयको सवारी साधनहरूमा अनिवार्य प्राथमिक उपचार बक्स (First Aid Kit) राख्ने व्यवस्था मिलाउने ।

२. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. २२०२, मिति २०७९-०१-०४ को पत्रबाट सम्वत् २०७९ वैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचन प्रयोजनको लागि जिल्लास्थित कार्यालयहरू र स्थानीय तहका सवारी साधनहरू मर्मत सम्भार गर्नुपर्ने भए सम्बन्धित कार्यालयबाटै मर्मत गर्ने व्यवस्था मिलाई निर्वाचनको क्रममा प्रयोग गर्नुहुन भनी लेखी आएको हुँदा सबै कार्यालयहरूले कार्यालयमा रहेका सवारी साधनहरू मर्मत सम्भार गर्नुपर्ने भए यथाशीघ्र मर्मत सम्भार गरी निर्वाचन प्रयोजनको लागि माग भएका बखत तत्काल उपलब्ध गराउने अवस्थामा राख्ने ।

३. आसन्न स्थानीय तहको निर्वाचनको मिति नजिकिँदै गइरहेको सन्दर्भमा जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका कार्यालय प्रमुखहरू अत्यावश्यक काम परि बिदा/काजमा बस्नु पर्ने भएमा प्रमुख जिल्ला अधिकारीको अनुमति लिएर मात्र बिदा/काजमा बस्ने । साथै आ-आफ्नो कार्यालयका अन्य कर्मचारीहरूलाई समेत अत्यावश्यक अवस्थामा बाहेक बिदा/काज नछोड्ने व्यवस्था मिलाउने ।

४. गर्मीयामको समयमा विविध कारणले आगलागीका घटनाहरू घट्नसक्ने सम्भावना उच्च रहेको हुँदा आगलागीका घटनाहरू रोकथाम तथा नियन्त्रणमा सबै कार्यालयहरूले आ-आफ्नो तर्फबाट आवश्यक पहल गर्ने ।

२०७९/१/८

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी